April 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

No. 2, Vol. 10

बिहान आशा लिएर उठ्ने, दिउँसो उज्यालो भएर प्रयास गरी जिउने, राती कृतज्ञ भई सुत्ने ।

संस्थापक अध्यक्ष श्री युसुन मासुनागा

## यूराशिया रेयूकाई १८औं शाखाको मिहाता जिम्मेवार शिबुचो श्री लवाङ्ग तामाङ्गज्यूको अपील





यूराशिया रेयूकाई १८औं शाखाको मिहाता ९ जुन २०१३ का दिन ग्रहण गर्ने महान् मौका पायौं। यूराशिया रेयूकाई १८औं शाखामा भारत, नेपाल, बंगलादेश र भूटानका सदस्यहरु मिली अभ्यास गर्ने मौका पाई रहेका छौं । यूराशिया रेयूकाई १८औं शाखाको जिम्मेवारी मुद्धिताको भावना हो । अरुलाई खुशी दिनु नै मुद्धिताको भावना हो । आजको यस भौतिकवादको समयमा कृतज्ञतालाई बेश बनाई पुर्खाहरुप्रति स्मरण गर्ने, पुर्खाहरुको बोधिआत्मालाई जागृत गराउन सक्ने समाजको निर्माण गर्न सधैं सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावनालाई लिएर अभ्यास गर्दै जाऔं । हामीहरु मिलेर सधैं एकवादमा विश्वास गरी बुद्धको महान् शिक्षालाई साधारण मानिससम्म पुऱ्याउने महान् जिम्मेवारी र कर्तव्य रहेको छ । सदस्यहरुलाई अभ्यासको गुरुको रुपमा लिएर अभ्यास गरौं । निलसूत्रलाई अभ्यासको मुख्य आधार बनाएर एक-एक जनाले रेयूकाई शिक्षालाई अभ्यास गर्ने मौका पाई, गोहोजालाई घरको केन्द्र विन्दु बनाएको घर, समाज निर्माण गरौं ।

अभिभावक र देश प्रति सधैं कृतज्ञ रहने सदस्यहरु, लिडर्सहरु उत्पादन गर्दै जाऔं । राम्रो कर्मको सम्बन्ध भई महान् रेयूकाईको शिक्षासँग भेट हुने मौका पाएका छौं । "हिँड मिलियन तुरुन्त कार्यान्वयन" अभियानलाई कार्यान्वयन गर्ने मौका पाई सबै जना एकताबद्ध भई कृतज्ञतालाई आधार बनाएर बुद्धको शिक्षाको सभ्यताको संसार निर्माण गरौं ।

रेयूकाईको मुख्य उद्देश्य समाजमा योगदान दिने धेरै भन्दा धेरै व्यक्तिहरु निर्माण गर्दै, देशप्रति कृतज्ञ भई विश्व शान्ति निर्माण गर्नु हो । यूराशिया रेयूकाई १८औं शाखाको युवा, महिला सबै मिलि एकताबद्ध भई परिणामलाई देखा पारौं ।

## रेयूकाईको परिचय

रेयूकाई संस्था सन् १९२० मा द्वय महागुरु काकुतारो कुबोज्यू र किमी कोतानीज्यूले जापानमा स्थापना गर्नु भएको थियो । सर्द्धमपुण्डरीक सुत्रको भावनालाई दैनिक जीवनमा लागू गरेमा मानिसले अझ राम्रो जीवनयापन गर्नुको साथै समुन्नत समाज निर्माण गर्न सकिन्छ भन्ने कुरामा विश्वास लिई बुद्धको शिक्षालाई सजिलैसँग अभ्यास गर्न सकिने रेयूकाई संस्थाको स्थापना गर्नु भयो ।

सन् १९७७ को दशकमा यूराशिया महाद्विपमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले रेयूकाई संस्थाको उद्देश्य अनुरुप रेयूकाई शिक्षालाई संसारभर फैलाएर विश्व शान्ति निर्माण गर्नमा योगदान पुऱ्याउने भावना भएका असंख्य व्यक्तिहरु उत्पादन गर्न नेपाल, भारत, बंगलादेश, म्यानमार र भुटान देशको विभिन्न क्षेत्रहरुमा महान् रेयूकाई शिक्षालाई फैलाउनु भई अभ्यास गर्ने महान मौका प्रदान गर्नु भयो । संस्थापक अध्यक्षज्यूको कुशल नेतृत्व एवं दुरदर्शी मार्गनिर्देशन ग्रहण गर्ने मौका पाई हाल यूराशिया रेयूकाईमा ९ वटा मिहाता शाखा र १७ वटा समाज विकास केन्द्रको स्थापना भई २६ लाख सदस्यहरुले महान् रेयूकाई शिक्षामा अभ्यास गर्ने मौका पाइरहेका छौं ।

रेयूकाईको शाब्दिक अर्थ "आध्यात्मिक बन्धुत्वको समाज हो" आध्यात्मिक संसार प्रति विश्वास गर्दै विश्व शान्तिको लक्ष्य लिएर आदर्श समाज निर्माण गर्न अरु माथी भर नपरी हामी आफै अग्रसर भई समाजमा उदाहरणीय, असल व्यक्ति बनी अन्तरआत्माको विकास गर्दै समाज विकासमा योगदान पुऱ्याउने कार्य गर्ने असंख्य व्यक्तिहरु उत्पादन गर्दै लैजानु नै रेयूकाई संस्थाको उद्देश्य रहेको छ ।

रेयूकाई शिक्षाको बेस कृतज्ञता हो । रेयूकाई शिक्षामा अभ्यासका तीन खम्बाहरु छन् ।

पहिलो पुर्खा स्मरण : हाम्रो जीवनका श्रोतको रुपमा श्रृखलाबद्ध रुपमा रहनु भएका असंख्य पुर्खाहरुलाई स्मरण गर्दै कृतज्ञता फर्काउन सद्धर्मपुण्डरिकसुत्रलाई पाठगरी पुर्खाहरुको बोधिआत्मा जागृत गराउने मौका पाउनु नै पूर्खा स्मरण हो ।

दोस्रो कार्मिक सम्बन्धको शुद्धिकरण : पुर्खाहरु एवं अभिभावकहरुबाट हामीले जीवन प्राप्त गरेको हुँदा उहाँहरुसँग भएका राम्रा नराम्रा दुवै कर्मको सम्बन्धहरु जन्मदै लिएर आएका हुन्छौं । रेयूकाई शिक्षाको माध्यमबाट नराम्रो कर्मको सम्बन्ध आफैबाट निर्मूल गरी आफ्नो सन्ततीमा सर्न नदिई भावि सन्ततीलाई उज्वल भविश्य हस्तान्तरण गर्नु नै कार्मिक सम्बन्धको शुद्धिकरण हो ।

तेस्रो प्रायाश्चित अभ्यास : आफुबाट अरुप्रति जानी नजानी हुन गएका गल्तीलाई महसुस गरी माफि माग्ने र पुन नदोहोऱ्याउने किसीमले सदस्य बनाउँदै गई आफ्नो चरित्रलाई परिवर्तन गर्नु नै प्रायश्चित अभ्यास हो ।

यस संस्थाको सदस्य बन्न जुन सुकै जाति, धर्म, सम्प्रदाय, लिङ्ग, वर्णको भेदभाव छैन जो कोही पनि यूराशिया रेयूकाईको सदस्य बनी अभ्यास गर्न सकिन्छ ।

यूराशिया रेयूकाईले स्वयम् सेवाको भावना बोकी हातेमालो गरि विभिन्न सामाजिक कृयाकलाप गर्दै समाज विकासमा योगदान दिदै आएको छ । विशेष गरी, विद्यालय भवन निर्माण, सिपमूलक, नेतृत्व विकास एवं व्यक्तित्व विकास तालिमहरु, स्वास्थ्य शिविर, एम्बुलेन्स सेवा, वातवरण संरक्षण एवं सरसफाई, सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरु, दैवी प्रकोप-उद्धार, राहत वितरण आदि कार्यहरु गर्दै आइरहेका छौं ।



## मुमा एई होऊ तोकु जेन् न्योज्यूको १५औं पुण्यतिथि स्मरण समारोह सम्पन्न



हाम्री मुमा एईको मासुनागाज्यूको १५औं पुण्यतिथि स्मरण समारोह २५ मार्च २०१४ का दिन प्रत्येक मिहाता शाखामा आ-आफ्नो मिहातालाई विराजमान गर्ने मौका पाई सम्पन्न गरियो । त्यसैगरी सम्पूर्ण समाज विकास केन्द्रहरुमा महिला अभ्यास कार्यक्रमको रुपमा सम्पन्न गरियो । नेपाल, भारत, बंगलादेश र म्यानमारमा गरि जम्मा २,६२८ जना सदस्य एवं लिर्डसहरुले मुमा एई होउ तोकु जेन् न्योज्यूको १५औं पुण्यतिथि स्मरण समारोहमा सहभागी भई मुमाज्यू प्रति कृतज्ञता फर्काउने मौका पायौं ।

## यूराशिया रेयूकाई १५औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई १५औं शाखाको सन् २०१४ को भव्य भेला समारोह मुख्यहल कौशलटारमा १ मार्च २०१४ का दिन १५ औं शाखाका मिहातालाई विराजमान गर्ने मौका पाई १,०२२ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भयो । उक्त समारोहमा १५औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री प्रविण कुमार गुरुङज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।

## यूराशिया रेयूकाई १३औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई १३औं शाखाको सन् २०१४ को भव्य भेला समारोह ८ मार्च २०१४ का दिन मुख्यहलको प्राङ्गन् टिकापुरमा १३औं शाखाको मिहातालाई विराज मान गर्ने मौका पाई १,०२८ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भयो । उक्त समारोहमा १३औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री होत तराज शर्मा पण्डितज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।

## यूराशिया रेयूकाई १७ औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई १७औं शाखाको सन् २०१४ को भव्य भेला समारोह मुख्यहल सिद्धार्थनगरमा २२ मार्च २०१४ का दिन १७ औं शाखाको मिहातालाई विराजमान गर्ने मौका पाई १,३६१ जना सदस्यहरुको सहभागीतामा सम्प न्न भयो । उक्त समारोहमा १७ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री डोलराज अर्यालज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।

# खुशीको अनुभव



नाम : श्रीमती सोमा घोष
उपाधी : जुनहोजाशु
उमेर : ३०बर्ष
क्षेत्र : कलकत्ता, भारत
ओया तथा शिबुचो : श्री सुमन कुमार बस्नेत
मिहाता शाखा : यूराशिया रेयूकाई २८औं शाखा

सबैलाई नमस्कार !

म समाज सेवामा लागेकी महिला हुँ बिषेश गरि क्यान्सर पिडित बच्चाहरुको स्वास्थ परिक्षण तथा उपचार महंगो भएको ले अर्थ संकलन गरि, आफैबाट अर्थ दान समेत गरि क्यान्सर पिडित बच्चाहरुको सेवाको लागि अभियान नै चलाउँदै आएकी छु । यहि क्रममा सिलिगुडीमा आई हेल्थ क्याम्प गरी क्यान्सर पिडित बच्चाहरुको उपचारमा सहयोग गर्दै जाने क्रममा यूराशिया रेयूकाई २८औं शाखाका शिबुचो श्री सुमन कुमार बस्नेतज्युसंग भेट भयो । उहाँबाट रेयूकाई शिक्षा सम्बन्धि जानकारी लिने मौका पाई मिचिबिकी हुने मौका पाएँ । म ब्राह्मण परिवारकी बुहारी भएकाले घरपरिवारबाटै ब्राह्मण परिवारकी बुहारीले गर्ने कुरा त सिक्दै आएकी छु रेयूकाईमा प्रवेश गरेपछि भेलाहरुमा आउँदा जाँदा मैले नमस्कारको महत्वलाई बुझ्ने मौका पाएँ। आफैबाट पनि नमस्कार त गर्थे तर यसको महत्व कस्तो रहेछ भन्ने कुरा पटक्कै महशुस गरेको थिएन । नमस्कार गर्ने तरिका र महत्वलाई सिके पछि आत्मा लगाएर गर्न सक्ने भएकी छु । धन्यवाद, माफ गर्नु होस् भन्ने कुरा सुन्दै आएको भए पनि आफैबाट गरे पछि मात्र फिर्ता आउँछ भन्ने कुरा बलियोसँग सिक्न पाएको रेयूकाईबाट मात्र हो । आफु बसेको समाजलाई सुन्दर शान्त बनाउन तर्के कस्तो कुरा गर्नु आवश्यक रहेछ भन्ने कुरा रेयूकाईमा सिकाईंदो रहेछ भन्ने कुरा महशुस गर्न सकेकी छु । यहाँ सिकेका कुराहरु लागु गरेर आफ्नो ब्यबसाय र सेवा क्षेत्रमा अझ राम्रो संग गर्न सकेकी छु ।

साँच्चै एउटा महत्वपूर्ण कुरा यो संस्थामा लागेर आफ्नो जीवनको स्रोतको महत्व बुझ्ने मौका पाएँ । जहाँबाट मैले जीवन पाएँ, जसबाट मैले बोल्न, हिँड्न, खेल्न सिकें, जहाँबाट जीवनको आधार पाएँ र हुर्कन सकेको कुरालाई महशुस नै गर्न सकेको थिएन । आफ्ना पुर्खाहरुको प्रतिक सोकाईम्यो स्थापना गरेर नियमित रुपमा पुर्खाहरुको स्मरण कार्य गर्ने मौका पाएँ पछि यस्तो महान् कुरालाई बुझ्ने मौका पाएँ । यस प्रति एकदमै कृतज्ञ छु । बिबाह हुन अघि म सोमा चक्रबर्ती थिएं, बिहे पछि सोमा घोष भएं । घोष परिवारसँग कर्मको सम्बन्ध जोडिन पुग्यो । चक्रबर्ती परिवारसँग मात्र सम्बन्धित थिएं भने बिहे पछि परिचय बढ्दै घोष परिवारसँग पनि सम्बन्धित हुन पुगें । यो कुराको महशुस रेयूकाई शिक्षाको अभ्यास पछि मात्र बल्ल बुझ्न सकें । यो कर्मको सम्बन्ध हो भन्ने कुरा बुझ्न सकें । यसरी रेयूकाई शिक्षाको अभ्यास गर्दै जाँदा बिभिन्न सम्प्रदाय, बिभिन्न जाती र बिभिन्न ब्यक्तिहरुसंग भेट हुने मौका पाएँ र मेरो परिचय चक्रबर्ती र घोष पविारसँग मात्र सिमित नरहेर मेरो परिवार ठूलो भएको, विश्व बन्धुत्वको रुपमा ठूलो भएको कुरा प्रति कृतज्ञ छु ।

अन्त्यमा यस्तो महान् शिक्षा अभ्यास गर्ने मौका प्रदान गर्नु हुने यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यू प्रति कृतज्ञता चढाउन चाहन्छु । साथै मलाई यो संस्थामा प्रवेश गराउनु हुने मिचिबिकी ओया शिबुचोज्यू प्रति पनि अभिवादनका साथ धन्यवाद प्रकट गर्दै यो महान् शिक्षालाई समाजमा अझ फैलाउँने मौका पाई विश्व शान्तिमा योगदान दिने धेरै भन्दा धेरै मिचिविकी गर्न म आफैबाट कार्यान्वयन गरी अरुलाई पनि कार्यान्वयन गराउने प्रतिज्ञा गर्दछु ।

धन्यवाद ! नमस्कार !